# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

## हात्तिसार, काठमाण्डौ

## एघारौं बार्षिक साधारण सभाको

## निर्णय (माईन्युट)

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको एघारौं बार्षिक साधारण सभा मिति २०७४ चैत्र १४ गते बुधबार तदनुसार मार्च २८, २०१८ का दिन दिनको २:०० बजे कम्पनीको संचालक समितिका अध्यक्ष श्री पियुष राज अर्याल ज्यूको सभापतित्वमा अग्रवाल भवन, कमलपोखरी काठमाण्डौमा बसी निम्नलिखित एजेण्डा (प्रस्ताव) हरु उपर छलफल गरि निर्णयहरु गरियो ।

१. उपस्थिती

क. संचालकहरुको उपस्थिती

| | | |
|---|---|---|
| १. | श्री पियुष राज अर्याल | अध्यक्ष |
| २. | श्री दिपेश अमात्य | संचालक |
| ३. | श्री विकास धारेवा | संचालक |
| ४. | श्री राजिव प्रसाद प्याकुरेल | संचालक |
| ५. | श्री सुरज श्रेष्ठ | संचालक |
| ६. | श्री नारायण बजाज | स्वतन्त्र संचालक |
| ७. | श्री पर्शुराम कोइराला | स्वतन्त्र संचालक |

ख. पदाधिकारीहरुको उपस्थिती

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार भट्टराई | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राजन प्रसाद अधिकारी | मुख्य प्रवन्धक / कम्पनी सचिव |
| ३. | श्री कैलाश देवकोटा | प्रमुख - मार्केटिङ्ग / कर्पोरेट |
| ४. | श्री लक्ष्मण ज्ञवाली | प्रमुख वित्तीय अधिकृत |
| ५. | श्री नविन शर्मा | प्रमुख - बैदेशिक रोजगार म्यादी जीवन बीमा |
| ६. | श्री मन्दिल अधिकारी | प्रमुख – सूचना प्रविधि तथा प्रशासन |
| ७. | श्री नविन थापा | प्रमुख - मार्केटिङ्ग / अभिकर्ता |
| ८. | श्री बिमल बहादुर राउत | प्रमुख – अण्डरराइटिङ्ग |
| ९. | श्री विकास बस्नेत | प्रमुख – मानव संशाधन |
| १०. | श्री सुवास दंगाल | प्रमुख – पुनर्वीमा |

ग. अन्य आमन्त्रित महानुभावहरुको उपस्थिती - नरहेको ।

घ. शेयरधनीहरुको उपस्थिती

| | | |
|---|---|---|
| १. | शेयरधनी महानुभावहरु स्वयं उपस्थित | २८३ |
| २. | प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित | ५ |
| ३. | शेयरको प्रतिनिधित्व संख्या | ३१,२५,२७७ |
| ४. | जम्मा शेयर संख्या | ६१,०२,००० |
| ५. | शेयर संख्याको उपस्थिती प्रतिशत | ५१.२२% |

२. **छलफलका बिषय (प्रस्ताव) हरु:**

(क) **सामान्य प्रस्ताव:**

१. वार्षिक साधारण सभाको लागि तयार पारिएको संचालक समितिको प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने ।

२. आर्थिक बर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, एकिकृत आयव्यय हिसाव, नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरु सहितको वित्तीय विवरण पारित/स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७४।७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री एनविएसएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स पून: नियुक्तीका लागि योग्य हुनुहुन्छ) ।

(ख) **विशेष प्रस्ताव:**

४. संचालक समितिले प्रस्ताव गरेबमोजिम आ.व. २०७३।७४ सम्मको संचित मुनाफाबाट हकप्रद शेयर निष्काशन पश्चात हुने चुक्ता पूंजी रु. १,५८,६५,२०,०००।०० को १२.५ प्रतिशत (खुद) का दरले हुने रु. १९,८३,१५,०००।०० बराबरको बोनश शेयर जारी गर्ने र उक्त बोनश शेयरको कर प्रयोजनार्थ रु. ९८,९४,१०३।०० नगद लाभांश स्वीकृत गर्ने । उक्त दरले बोनश शेयर जारी गर्दा हुन आउने दशमलब पछिको अंक (Fraction Share) शेयरलाई पहिला यथावत कायम रहेको समेत थप गर्दा १ शेयर दिन सकिने भएमा सो दिई बांकी रहन आउने दशमलब पछिको अंक (Fraction Share) शेयरलाई यथावत राख्ने ।

५. उल्लेखित बोनश शेयर पश्चातको हदसम्म जारी तथा चुक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

६. संचालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष/संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने ।

७. विशेष प्रस्ताव अन्तर्गत (५) बमोजिमको प्रस्ताव लगायतको कार्यान्वयनको लागि कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न कम्पनीको संचालक समिति वा संचालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

### ३. <u>साधारण सभाको सूचना सम्बन्धि जानकारी</u>

यस कम्पनीको एघारौं बार्षिक साधारण सभाको सूचना मिति २०७४।११।२० गतेको अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७४।१२।०८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तथा सभाको सूचना सहितको कम्पनीको आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदन यथाशक्य शेयरधनीहरुको उपलब्ध ठेगानामा पठाइएको थियो । साथै एघारौं वार्षिक साधारण सभा सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन यस कम्पनीको Website मा समेत उपलब्ध गराइएको थियो ।

### ४. <u>गणपुरक संख्या</u>

यस साधारण सभामा निम्नबमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| कुल शेयर कित्ता | जम्मा शेयरधनी संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | उपस्थिती प्रतिशत |
|---|---|---|---|---|---|
| ६१,०२,००० | १८,३४४ (फ्रयाक्सन मात्र बाहेक) | २८३ | ५ | ३१,२५,२७७ | ५१.२२% |

### ५. <u>सभाको वैधानिकता</u>

यस बार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवबाट कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीका प्रावधानहरु बमोजिम यो एघारौं बार्षिक साधारण सभा बोलाइएको व्यहोरा सभामा जानकारी गराइयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवबाट सभा समक्ष प्रस्तुत गरियो । यसरी सभा संचालनको लागि प्रचलित ऐन कानून अनुसार आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा अवगत गराए पश्चात अध्यक्ष ज्यूबाट सभाको कार्यवाही शुरु गरियो ।

### ६. <u>सभाको सभापतित्व र सभा संचालन</u>

यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री पियुष राज अर्याल ज्यूले सभाको सभापतित्व गरी एघारौं बार्षिक साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै कम्पनीको आ.व. २०७३।७४ को वार्षिक प्रतिवेदन संचालक समितिको तर्फबाट सभासमक्ष प्रस्तुत गर्नुभयो ।

### ७. <u>छलफलका लागी आव्हान</u>

१) सभा समक्ष सभापति ज्यूले अध्यक्षको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७३।७४ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, एकिकृत आयव्यय हिसाव तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका वित्तीय विवरणहरु उपर छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

२) उपरोक्त प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, एकिकृत आयव्यय हिसाव, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आआफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाब व्यक्त गर्नुभयो ।

| सि.नं. | नम | सि.नं. | नाम |
|---|---|---|---|
| १ | श्री अमृत नाथ रेग्मी | २ | श्री शिव प्रसाद पौडेल |
| ३ | डा. माधब कुमार श्रेष्ठ | ४ | श्री अशोक उप्रेती |
| ५ | श्री डमरु बल्लभ घिमिरे | ६ | श्री मेजर कुबेर श्रेष्ठ |
| ७ | श्री उद्धब प्रसाद घिमिरे | ८ | श्री कृष्ण प्रसाद अधिकारी |
| ९ | डा. सुन्दर लाल श्रेष्ठ | १० | श्री इन्द्र कृष्ण श्रेष्ठ |
| ११ | श्री गुणराज भट | | |

## ८. मन्तव्य, जिज्ञासा र सुझावहरु

उल्लेखित वक्ता शेयरधनी महानुभावहरुले हाल देशविदेशमा घटिरहेका विभिन्न आर्थिक घटनाक्रमहरु, आर्थिक सदृढिकरण सहज रुपमा नभइरहेको अवस्था एवं राजनैतिक अस्थिरता केहि हदसम्म स्थायित्वतर्फ बढिरहेको अवस्थामा देशको आर्थिक विकासमा आइरहेका समस्याहरुका बाबजुद पनि यस कम्पनीले शेयरधनीहरुको लागी निष्काशन गरिरहेको हकप्रद शेयर निष्काशन पश्चात हुने चुक्ता पूंजीको १२.५% (खूद) बोनस शेयर प्रदान गर्न लागेको तथा सोमा लाग्ने कर बापतको रकम नगद लाभांशको रुपमा प्रस्ताव गरेको, जीवन बीमाकोष भन्दा बढी कुल लगानी रहेको, कम्पनीको कर्पोरेट भवन निर्माण कार्यको स्वीकृति लिनेक्रममा अघि बढिसकेको सम्बन्धमा संचालक समिति, व्यवस्थापन समूह एवं कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उल्लेखित प्राय: सबै वक्ता शेयरधनी महानुभावहरुले आफ्नो बिचार व्यक्त गर्ने क्रममा कम्पनीले कारोवार शुरु गरेको लगभग १० बर्ष पूरा गर्दा कम्पनीले गरेको प्रगती उल्लेखनिय रहेको भएता पनि वार्षिक साधारण सभा प्रत्येक आर्थिक बर्ष समाप्त भएको ६ महिना अर्थात पौष मसान्तभित्रमा सम्पन्न गर्न सुझाव दिनुभयो ।

वक्ता शेयरधनी महानुभावहरुले यस कम्पनीको व्यवसायिक सञ्जाललाई देशभर पु-याई देशका सम्पुर्ण क्षेत्रलाई समेटी जीवन बीमा व्यवसायका सम्बन्धमा जनमानसमा जागरुक गराउदै सोही माध्यमबाट कम्पनीको व्यवसाय समेत बृद्धि गर्ने क्रमलाई निरन्तरता दिन र सम्पूर्ण प्रदेशमा कम्पनीका प्रादेशिक कार्यालयहरु स्थापना गरि जनमानसमा जीवन बीमाको पहुंच पु-याई कम्पनीको व्यवसाय समेत बृद्धि गर्नका लागी सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

वक्ता महानुभावहरुले कम्पनीको संचालक समिति, व्यवस्थापन समूह एवं सम्पूर्ण कर्मचारीको मनोबल तथा कार्यगत क्षमतामा वृद्धि गर्न र कम्पनीलाई अग्रपंक्तिमा पु-याउनका लागी पनि सुझाबहरु प्रदान गर्नुभयो । कम्पनीको प्रगतिका लागी शेयरधनी महानुभावहरुले प्रदान गर्नुभएका उचित सल्लाह र सुझाबका लागि सभाका सभापति ज्यूले शेयरधनी महानुभावहरु प्रति आभार प्रकट गर्नुभयो । साथै शेयरधनीहरुबाट गरिएका माथी उल्लेखित जिज्ञासाहरुको सम्बन्धमा सोहि समयमा स्पष्ट गराउनुभयो ।

साथै वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त जिज्ञासा तथा सुझावहरु निम्नबमोजिम छन:

- आगामी बर्षदेखी बार्षिक साधारण सभा समयमै सम्पन्न गर्नुहुन ।
- बोनस शेयर एवं लाभांशलाई नियमित गर्नुहुन । आगामी बर्ष शेयरधनीलाई बोनश शेयर लगायत नगद लाभांश समेत दिने व्यवस्था मिलाउनुहुन ।

- कम्पनीका कर्मचारीहरुलाई वीमाका विविध पक्षहरुमा देशबिदेशमा हुने तालिममा सहभागी गराई अझ प्रोत्साहित गर्नु हुन ।
- बीमा समिति एवं अन्य नियमन निकायहरुबाट दिएका निर्देशनहरुको पालनामा ध्यान दिनुहुन ।
- Fraction Bonus share लाई यथावत राख्नुभन्दा rounding up गरि १ कित्तामा परिणत गर्दा उपयुक्त हुने ।

साधारण सभामा शेयरधनीहरुबाट प्रस्तुत जिज्ञाशा एवं सुझावका सम्बन्धमा सभाका सभापति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले सोही बखत जवाफ प्रस्तुत गर्नुभएकोमा केही जवाफहरु निम्नबमोजिम रहेका छन:

- कम्पनीले खरिद गरेको जग्गामा भवन बनाउन निकायहरुबाट लिनुपर्ने भवन निर्माणको स्वीकृतिको लागि आवश्यक प्रक्रिया अघि बढाइसकेको र भवन निर्माण कार्य यथासक्य छिटो सक्नका लागि व्यवस्थापनबाट पहल भइरहेकोछ ।
- बोनस शेयर एवं लाभांशलाई नियमित गर्न संचालक समितिले सक्दो पहल गर्नेछ ।
- कम्पनीका कर्मचारीहरुको जीवन बीमा सम्बन्धी ज्ञान अभिबृद्धि गरि वीमाका विविध पक्षहरुमा देशबिदेशमा हुने तालिममा सहभागी गराई आएको र भविष्यमा समेत कर्मचारीको क्षमता अभिबृद्धि, मनोबल बृद्धिका लागी कम्पनीले कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिरहनेछ ।
- यस कम्पनीले बीमा समिति एवं अन्य नियमन निकायहरुबाट दिएका निर्देशनहरुको पालना गर्ने विश्वास दिलाउन चाहन्छौं ।

सभाका सभापती तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले वक्ता शेयरधनीहरु महानुभावहरुका जिज्ञासाहरुका सम्बन्धमा जवाफ दिदै कम्पनीको हितको लागी प्राप्त उपयुक्त सुझावहरुको लागी धन्यवाद दिनुभयो । तत्पश्चात एघारौं बार्षिक साधारण सभाका लागि निर्दिष्ट गरिएका सामान्य र विशेष प्रस्तावहरुका सम्बन्धमा देहाय बमोजिम निर्णयहरु गरियो ।

## ९. <u>सभाका निर्णयहरु</u>

### (क) <u>सामान्य प्रस्ताव</u>

१. सभामा एघारौं बार्षिक साधारण सभाको लागि कम्पनीको संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्नका लागी सभासमक्ष सभापति ज्यूले प्रस्ताव पेश गर्नुभएकोमा सर्वसम्मत रुपमा सो प्रतिवेदन पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आ.व. २०७३।७४ को नाफानोक्सान हिसाब, उल्लेखित आर्थिक बर्षको एकिकृत आयव्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण पारित गरियोस भनी सभाका सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सर्बसम्मतिद्वारा उक्त प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

३. यस कम्पनीको आ.व. २०७४।७५ को हिसावकिताव लेखापरीक्षण गर्नका लागी कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस गरिएका लेखापरीक्षक श्री एनविएसएम एण्ड एशोसियट्स्, चार्टर्ड एकाउन्टेन्ट्स र सभाबाट प्रस्तावित लेखापरीक्षण शूल्क (मु.अ.कर बाहेक) रु. ४,०१,५००।०० (अक्षरुपी चार लाख एक हजार पांच सय रुपैया) को स्वीकृतीको लागी

सभापति ज्यूले सभामा पेश गर्नु भएको प्रस्ताव सभाबाट सर्वसम्मत रुपमा सो नियूक्ती एवं पारिश्रमिक पारित गर्ने निर्णय गरियो ।

**(ख) <u>विशेष प्रस्ताव</u>**

४. संचालक समितिले प्रस्ताव गरेबमोजिम शेयरधनीहरुलाई कम्पनीले हाल निष्काशन गरिरहेको हालको चुक्ता पूंजी रु. ६१,०२,००,०००।०० को १:१.६ का दरको हकप्रद शेयर निष्काशन प्रक्रिया पूरा भएपश्चात हुने चुक्ता पूंजी रु. १,५८,६५,२०,०००।०० को १२.५% (खुद) का दरले हुने रु. १९,८३,१५,०००।०० बराबरको बोनश शेयर जारी गर्ने विशेष प्रस्तावका साथै बोनश शेयरको कर प्रयोजनार्थ रु. ९८,९४,१०३।०० नगद लाभांश स्वीकृत गर्ने विशेष प्रस्ताव सभा समक्ष पेश गर्दा सो विशेष प्रस्ताव सर्वसम्मतबाट पारित गरियो । उक्त दरले बोनश शेयर जारी गर्दा हुन आउने दशमलब पछिको अंक (Fraction Share) शेयरलाई पहिला यथावत कायम रहेको समेत थप गर्दा १ शेयर दिन सकिने भएमा सो दिई बांकी रहन आउने दशमलब पछिको अंक (Fraction Share) शेयरलाई यथावत राख्ने सम्बन्धि विशेष प्रस्ताव पेश गरिएकोमा सो समेत सर्वसम्मत रुपमा पारित गरियो ।

५. उल्लेखित बोनश शेयर र हकप्रद शेयर निष्काशन पूरा भएपश्चातको हदसम्म जारी तथा चुक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव सभासमक्ष पेश गरिएकोमा सभाबाट सो विशेष प्रस्ताव सर्वसम्मत रुपमा स्वीकृति प्रदान गर्ने निर्णय गरियो । सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रमा निम्नबमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| *दफा* | *विद्यमान व्यवस्था* | *प्रस्तावित संशोधन* | *संशोधनको कारण* |
|---|---|---|---|
| ६ | (ख) कम्पनीको जारी तथा चुक्ता पूंजी बोनश शेयर बांडफांड तथा हकप्रद शेयर निष्काशन पश्चात रु. १,५८,६५,२०,०००।- (एक अरव अन्ठावन्न करोड पैसठ्ठी लाख विस हजार रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००।०० (एक सय) का दरका १,५८,६५,२०० (एक करोड अन्ठावन्न लाख पैसठ्ठी हजार दुई सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) कम्पनीको जारी तथा चुक्ता पूंजी बोनश शेयर बांडफांड तथा हकप्रद शेयर निष्काशन पश्चात रु. १,७८,४८,३५,०००।- (एक अरव अठहत्तर करोड अड्चालिस लाख पैंतिस हजार रुपैंया) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु. १००।०० (एक सय) का दरका १,७८,४८,३५० (एक करोड अठहत्तर लाख अड्चालिस हजार तिन सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ । | नियमनकारी निकायको निर्देशन अनुसार पूंजी बृद्धि गर्न र बोनश शेयर तथा हकप्रद शेयर निष्काशन प्रक्रिया पुरा भए पश्चात हुने जारी तथा चुक्ता पूंजी पुर्याउन । |

६. संचालक समिति तथा अन्य समिति/उपसमितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष/संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने सम्बन्धमा छलफल हुंदा संचालक समितिले प्रस्ताव गरेबमोजिम संचालक समितिका अध्यक्ष र सदस्यलाई प्रति बैठक निम्नबमोजिमको भत्ता प्रदान गर्ने साथै संचालक स्तरिय समिति/उपसमितिका सदस्यहरुको

बैठक भत्ता कम्पनीका संचालक समितिका सदस्यलाई भुक्तान गर्ने भत्ता रकम बराबर हुने गरि सर्वसम्मतीबाट निर्णय गरियो ।

अध्यक्ष रु. ८,०००।००

सदस्य रु. ७,०००।००

७. विशेष प्रस्ताव अन्तर्गत (५) लगायतका प्रस्तावहरुको कार्यान्वयनको लागि कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न कम्पनीको संचालक समिति वा संचालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ग) **विविध अन्तर्गत :**

कम्पनी ऐन २०६३ (संशोधन सहित) मा उल्लेख भएबमोजिम महिला शेयरधनी भएको कम्पनीमा एकजना महिला संचालक हुनुपर्ने प्रावधान भएकोले संस्थापक समूहबाट श्रीमती संतोष अग्रवाललाई प्रतिनिधित्व गराउने भनि संस्थापक समूहबाट जानकारी प्राप्त भएको व्यहोरा सभामा जानकारी गराईयो ।

**१०. धन्यबाद ज्ञापन**

सभामा छलफल गर्ने विषयहरु उपरको छलफलको क्रम समाप्त भएको हुंदा सम्पुर्ण शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक लगायत कम्पनीको व्यवस्थापन समूह र सम्पूर्ण कर्मचारीहरु साथै सम्बन्धित सबैलाई सभापति ज्यूले हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो । सोहि क्रममा संचालकको कार्यकाल पुरा गर्नुभएका स्वतन्त्र संचालक श्री पर्शुराम कोइरालालाई निजले कम्पनीको लागि गर्नुभएको योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गरियो ।
साथै श्री पर्शुराम कोइरालाले आफु स्वतन्त्र संचालक पदमा रहि कार्य गर्दा कम्पनीको संचालक समिति, व्यवस्थापन समूह एवं कर्मचारीहरु र शेयरधनी महानुभावहरुबाट पाएको सद्भाव एवं सहयोगको लागि धन्यवाद दिनुहुदै आफ्नो छोटो मन्तव्य समेत राख्नुभयो ।

**११. सभा बिसर्जन**

सभाका सभापतिज्यूवाट सभामा उपस्थित सबै शेयरधनी एवं अन्य सम्पूर्ण महानुभावहरुलाई वहांहरुको सहभागीता तथा अमुल्य सुझावको लागी आभार प्रकट गर्दै पुनः धन्यवाद ज्ञापन गरि एघारौं बार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

.............................

**राजन प्रसाद अधिकारी**
**कम्पनी सचिव**

.......................................

**पियुष राज अर्याल**
**संचालक समितिका अध्यक्ष**